# जलन/अग्निजन्य अपराध सम्बन्धी ३ महले





40 YEARS actionaid
ACTION FOR SOCIAL JUSTICE NEPAL



# मुलुकी अपराध संहिता, २०७४ तथा अन्य केही ऐनका प्रावधानहरूमा जलन/अग्नीजन्य अपराधका सबै विषय समेटी लैंगिक न्याय तथा मानवअधिकारको दृष्टिकोणवाट विद्यमान केही ऐनहरूका केही प्रावधानहरूमा परिमार्जनका लागि औंल्याइएका सुझावहरू

| दफा नं | विद्यमान कानूनी व्यवस्था | संशोधनका लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नपर्नाको औचित्य तथा कारण |
|---|---|---|---|
| दफा ३८ (झ१) | **फौजदारी अपराध संहिता, २०७४, दफा ३८ (झ१) : कसुरको गम्भीरता बढाउने अबस्था :**<br>तेजाब, अन्य घातक रासायनिक वा ज्वलनशील पदार्थ कसैमाथि प्रहार वा प्रयोग गरी वा कसैलाई सेवन गराई कसुर गरेको । | ३८(झ१) मा थप गर्नु पर्ने :<br>तेजाब, अन्य घातक रासायनिक वा तातो तरल पदार्थ वा तातो बस्तु कसैमाथि प्रहार वा प्रयोग गरी वा सेवन गराई वा ज्वलनशील पदार्थ प्रयोग गरी आगो लगाएको वा अन्य तरिकाबाट वर्न/जलनको कसुर गरेको । | *सामान्य अर्थमा अग्नीजन्य (वर्न/जलन) अपराध भनेको कुनै पनि व्यक्तिलाई मार्ने वा शारीरीक क्षति गर्ने उद्देश्यले कुनै पनि व्यक्तिले आगोले पोल्ने, ग्यास खुल्ला राखेर बाल्ने, मट्टीतेल वा पेट्रोल जस्तै ज्वलनशील प्रदार्थको प्रयोग गरी वा खन्याएर आगो लगाउने, तातो तेल, तातो पानी लगायतको यस्तै शरीरलाई हानी गर्न सक्ने अन्य तातो तरल पदार्थ शरीरमा खन्याउने, करेन्ट लगाई वा विकिरण, रेडियोएक्टिभिटी, विषालु जैविक वा विषाल पदार्थहरू जस्ता चिजको प्रयोगले शरीरमा क्षति गर्ने कार्य, तातो बस्तुले पोली वा डामी, सेवन गराई भएको क्षति तथा एसिड लगायत विभिन्न रसायनहरू मानव शरीरमा दली घसी फ्याकी, सेवन गराई आदि तरिकाले मानव शरीरमा पीडा पुऱ्याउने कार्य सम्झनु पर्दछ ।*<br>*कसुरको गम्भीरता बढाउने अबस्थामा अग्नीजन्य (वर्न/जलन) अपराधका सबै प्रकारलाई समेत समावेश गर्नु उपयुक्त हुने भएकोले ।* |
| दफा ४१ | **फौजदारी अपराध संहिता, २०७४, दफा ४१: जन्म कैद हुने :**<br>यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै कसूर गर्ने कसूरदारलाई जन्मकैदको सजाय गर्दा त्यस्तो कसूरदार जीवित रहेसम्म कैद गर्नु पर्नेछ :<br>(क) क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको,<br>(ख) वायुयान अपहरण गरी वा वायुयान विष्फोट गरी ज्यान मारेको,<br>(ग) अपहरण गरी वा शरीरबन्धक लिई ज्यान मारेको,<br>(घ) सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेको,<br>(ङ) कुनै जात, जाति वा सम्प्रदायको अस्तित्व नै विनाश गर्ने गरी जातिहत्या (जेनोसाइड) गरेको वा गर्ने उद्देश्यले कसूर गरेको वा<br>(च) जवर्जस्ती करणी गरी ज्यान मारेको । | **जन्म कैद हुने :**<br>४१(छ) थप गरी देहाय बमोजिम उल्लेख गर्नु पर्ने :<br>तेजाब, अन्य घातक रासायनिक वा तातो तरल पदार्थ वा तातो बस्तु कसैमाथि प्रहार वा प्रयोग गरी वा सेवन गराई वा ज्वलनशील पदार्थ प्रयोग गरी आगो लगाएको वा अन्य तरिकाबाट वर्न/जलन गराई ज्यान मारेको । | अपराधको गाम्भिरता अनुसार सजाय हुनु पर्ने आवश्यकता भएकाले । |

| दफा नं | विद्यमान कानूनी व्यवस्था | संशोधनका लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नपर्नाको औचित्य तथा कारण |
|---|---|---|---|
| दफा १२६ (क) | **फौजदारी अपराध संहिता, २०७४, दफा १२६ (क) : कसूर पीडितको नाममा सहयोग लिन नहुने :**<br>(१) कसैले कुनै व्यक्ति कसूर पीडित भएको कारण देखाई निजको तस्वीर राखी वा नराखी सार्वजनिक रुपमा वा सामाजिक सञ्जाल मार्फत आव्हान गरी वा नगरी निजलाई औषधी उपचार गर्ने, अन्य कुनै किसिमको राहत, सुविधा दिने वा अन्य कुनै प्रयोजनका लागि कसूर पीडित वा निजका परिवारको सदस्यको तर्फबाट कसैलाई चन्दा, सुविधा, सहयोग, अनुदानको नाममा कुनै किसिमको नगद वा जिन्सी माग्नु, लिनु वा प्राप्त गर्नु हुँदैन ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना हुनेछ र त्यसरी प्राप्त गरेको नगदी वा जिन्सी जफत हुनेछ । | १२६(क) : **कसूर पीडितको नाममा सहयोग लिन नहुने** :<br>(१) ...स्पष्टिकरण थप गर्नु पर्ने :<br>*तर यस दफाले विभिन्न दाताबाट चन्दा लिई पीडितलाई सहयोग गर्ने सामाजीक संस्थालाई तस्विर राखी दातालाई रिपोर्ट गर्न तथा अनुदान लिन रोक लागाएको मानिने छैन ।* | यस प्रावधानले कसुर पीडितको सुरक्षा तथा गोपनीयतालाई संरक्षण गर्न खोजेको छ । यस्ता प्रकृतीको मुद्दाको विषयमा पीडितको सुरक्षा तथा गोपनीयता महत्वपूर्ण रहेको हुन्छ । विगतका केही घटना तथा यस दफा लागु भएपछि पनि कसूर पीडितको तस्विरै राखी सार्वजनिक रुपमा र सामाजिक सञ्जाल मार्फत चन्दा उठाएको पनि देखिन्छ । यस्ता घटना रोक्नु राज्यको दायित्व समेत रहेको छ । तर यस प्रावधानले विभिन्न दाताबाट चन्दा लिई पीडितलाई सहयोग गर्ने सामाजीक संस्थालाई समेत तस्विर राखी रिपोर्ट गर्न तथा अनुदान लिन रोक लागाएका कारण यसलाई थप प्रष्ट गर्न आवश्यक रहेको छ । |
| १९२ क. २ र ३ | **फौजदारी अपराध संहिता, २०७४, दफा १९२ क** (२ र ३) **तेजाव प्रयोग गरी अङ्गभङ्ग गर्न नहुने** :<br>(२) : उपदफा (१) बमोजिमको कुनै कार्य गर्दा वा त्यस्तो कार्यको परिणाम स्वरुप कसैको दुवै आँखा जली वा क्षति भई पूर्णरुपमा दृष्टि नष्ट भएमा, दुवै कान जली वा क्षति भई सुन्ने शक्ति पूर्ण रुपमा नष्ट भएमा, नाक जली वा क्षति भई काम नलाग्ने भएमा, अनुहार पूर्ण रुपमा जली वा क्षति भई **कुरुप भएमा**, महिला भए दुवै स्तन जली वा क्षती भई काम नलाग्ने भएमा वा कसैको यौनाङ्ग जली या क्षति भई नासिएमा त्यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई बीस वर्ष कैद र दश लाख रुपैयाँ जरिवाना हुनेछ ।<br>(३) : उपदफा (२) मा लेखिएकोमा बाहेक उपदफा (१) बमोजिमको कुनै कार्य गरी वा त्यसको परिणाम स्वरुप कसैको एउटा आँखा, एउटा कान जली वा क्षति भई काम नलाग्ने भएमा, आंशिक रुपमा अनुहार जली या क्षति भई **कुरुप भएमा**, महिला भए एउटा स्तन जली वा क्षति भई काम नलाग्ने भएमा, दुवै हात जली काम नलाग्ने भएमा वा दुवै गोडा पूर्णरुपमा जली काम नलाग्ने भएमा, टाउकोको कुनै भाग जली क्षति भएमा वा मेरुदण्ड जली वा क्षति भई काम नलाग्ने भएमा पन्ध्र वर्ष देखि बीस वर्षसम्म कैद र सात लाख रुपैयाँ देखि दश लाख रुपैयाँसम्म जरिबाना हुनेछ । | **तेजाव प्रयोग गरी अङ्गभङ्ग गर्न नहुने** :<br>१९२ क. दफाको २ र ३ नम्बरमा **कुरुप भन्ने शब्द प्रयोग भएकाले हटाउनु पर्ने ।** | एसिड लगायत बर्न, जलन र अग्नीजन्य अपराधमा विभेद नगरी सबैलाई समान व्यवस्था गर्ने । कुरुप भन्ने शब्द प्रयोग नगर्ने । यस्ता शब्द नेपालको संविधानले प्रदान गरेको सम्मानपूर्वक बाँच्न पाउने हक तथा समानताको हक समेतको विपरीत रहेका छन् । |

| दफा नं | विद्यमान कानूनी व्यवस्था | संशोधनका लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नपर्नाको औचित्य तथा कारण |
|---|---|---|---|
| दफा १९३ | **फौजदारी अपराध संहिता, २०७४, दफा १९३: ज्वलनशील जैविक वा विषालु पदार्थ प्रयोग गरी कुरुप पार्न नहुने :**<br>(१) कसैले कसैलाई तेजाब वा यस्तै प्रकारका अन्य रासायनिक पदार्थ बाहेकका अन्य ज्वलनशील, जैविक वा विषालु पदार्थ प्रयोग गरी वा फ्याँकी, छर्किई, खन्याई वा त्यस्तो पदार्थले पोली, डामी, दली, घसी जिउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पार्ने काम गर्नु वा गराउनु हुँदैन<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई कसूरको प्रकृति हेरी अनुहार कुरुप पारेमा पाँच वर्षदेखि आठ वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना र शरीरको अन्य अङ्ग कुरुप पारेमा वा शरीरमा पीडा पुऱ्याएमा तीन वर्षदेखि पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिबाना हुनेछ।<br>(३) उपदफा (२) बमोजिम जरिबाना बापत प्राप्त पूरै रकम पीडितलाई क्षतिपूर्ति बापत दिनु पर्नेछ। | ज्वलनशील जैविक वा विषालु पदार्थ प्रयोग गरी **क्षति गर्न नहुने** :<br>(१) कसैले कसैलाई तेजाब वा यस्तै प्रकारका अन्य रासायनिक पदार्थ बाहेकका अन्य ज्वलनशील, जैविक वा विषालु पदार्थ प्रयोग गरी वा फ्याँकी, छर्किई, खन्याई वा त्यस्तो पदार्थले पोली, डामी, दली, घसी जिउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्गमा क्षति पार्ने काम गर्नु वा गराउनु हुँदैन। **साथै ज्वलनशील पदार्थ आफैले क्षति नगर्ने र यसको लागि आगोको सम्पर्क आवश्यक भएकाले ज्वलनशील पदार्थ भन्नाले के भन्न खोजेको हो सोलाई थप स्पष्ट पार्न आवश्यक देखिन्छ।**<br>(२) उपदफा (१) पनि **कुरुप पार्ने भन्ने शब्दको सट्टामा क्षति भन्ने शब्द प्रयोग हुनु पर्ने।** सजाय तथा क्षतिपूर्तिको व्यवस्था पनि संसोधन गरी दफा १९२ क. मा **तेजाव प्रयोग गरी अङ्गभङ्ग हुदा १९२ क. को (२, ३ र ४) अनुसार हुनु पर्ने** | अपराधको प्रकृती र क्षति एउटै हुने। यसको उपचार पद्धती समेत एउटै हुने तर क्षति गर्न प्रयोग भएको पदार्थ मात्र फरक भएका आधारमा अपराध पीडित माथि विभेद गर्न मिल्दैन। हाल ज्वलनशील जैविक वा विषालु पदार्थ प्रयोग गरी भएको क्षतिका लागि निकै न्युनतम सजाय गरेको छ। हालको व्यवस्थाले संविधानले प्रत्याभुत गरेको समानताको हक तथा अपराध पीडितको हक समेत हनन् भएको छ। |
| दफा २(ग) | **घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६, दफा २ (ग)** "शारीरिक यातना" भन्नाले कुटपिट गर्ने, गैर कानूनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने, **तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको** कुनै अंग कुरुप पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य सम्झनु पर्छ। | **घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६, दफा २ (ग)** "शारीरिक यातना" मा **कुरुप पारिदिने** भन्ने शब्द हटाउनुपर्ने।<br>शारीरिक चोट पुऱ्याउने भन्ने शब्द पछि :<br>तेजाब, अन्य घातक रासायनिक पदार्थ वा तातो तरल पदार्थ वा तातो बस्तु प्रहार वा कुनै तरिकाले प्रयोग गरी वा यस्ता चिजले पोली, डामी, दली, घसी वा सेवन गराई वा ज्वलनशील पदार्थ प्रयोग गरी आगो लगाएको वा अन्य तरिकाबाट वर्न /**जलन गरी मानव** शरीरको कुनै अंगमा क्षति पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य सम्झनु पर्छ। | *तर आगोले पोल्ने, ग्यास खुल्ला राखेर बाल्ने, मट्टीतेल खन्याएर आगो लगाउने, तातो तेल, तातो पानी शरीरमा खन्याउने, विकिरण, रेडियोएक्टिभिटी, बिजुली तथा तातो बस्तुले पोल्ने वा डाम्ने, तथा विभिन्न रसायनहरू मानव शरीरमा दली घसी फ्याकी आदि तरिकाले मानव शरीरमा पीडा दिने कार्य शारीरिक यातनाको परिभाषामा उल्लेख छैन। तथ्याँकगत रुपमा पनि घरेलु संम्बन्धबाट हुने यातनामा दाईजोका कारण हुने हत्यामा अग्नी जन्य बढी रहेको देखिन्छ। जलनका सबै प्रकार समेट्न वाञ्छनीय भएकोले।* |

| दफा नं | विद्यमान कानूनी व्यवस्था | संशोधनका लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नपर्नाको औचित्य तथा कारण |
|---|---|---|---|
| दफा ६ (ज) | **प्रमाण ऐन** २०३१, दफा ६ मा **अदालतले अनुमान गर्ने कुराहरू : अन्यथा प्रमाणित नभएए सम्मः** दफा ६(ज) कुनै व्यक्तिले अर्को व्यक्तिको शरीरमा तेजाब फ्याँकेमा, छर्किएमा खन्याएमा वा अन्य कुनै किसिमले कसैको शारीरिक क्षति हुने गरी प्रयोग गरेमा वा कसैलाई सेवन गराएमा निजले नियतवस वा जानी जानी त्यस्तो व्यक्तिको ज्यान लिने वा अङ्गभङ्ग गराउने कार्य गरेको अदालतले अनुमान गर्नेछ। | **प्रमाण ऐन** २०३१, दफा ६ **अदालतले अनुमान गने कुराहरू : अन्यथा प्रमाणित नभएए सम्मः** दफा ६(ज)ः कुनै व्यक्तिले अर्को व्यक्तिको शरीरमा तेजाब, अन्य घातक रासायनिक पदार्थ वा तातो तरल पदार्थ वा तातो बस्तुको प्रहार वा यस्ता बस्तु तथा पदार्थहरू कुनै पनि किसिमले कसैको शारीरिक क्षति हुने गरी प्रयोग गरेमा वा सेवन गराईमा वा ज्वलनशील पदार्थ प्रयोग गरी आगो लगाएमा वा अन्य तरिकाबाट वर्न /**जलन गरी मानव शरीरको कुनै अंगमा क्षति पारिदिएमा वा** यस्तै अन्य कुनै काम गरेमा वा गराएमा निजले नियतवस वा जानी जानी त्यस्तो व्यक्तिको ज्यान लिने वा अङ्गभङ्ग गराउने कार्य गरेको अदालतले अनुमान गर्नेछ। | तेजाब फ्याँकेको विषय मात्र नभै सबै जलन, वर्न तथा अग्नी जन्य अपराध गरेमा निजले नियतवस वा जानी जानी त्यस्तो व्यक्तिको ज्यान लिने वा अङ्गभङ्ग गराउने कार्य गरेको अदालतले अनुमान गर्नेछ भनि उल्लेख गर्नु आवश्यक छ। जलनका सबै प्रकार समेटन वाञ्छनीय भएकोले। |
| दफा १२ | **जेष्ठ नागरिक सम्बन्धी ऐन** २०६३ **दफा** (१क) : उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जवर्जस्ती करणी सम्बन्धी कसूर वा तेजाब वा ज्वलनशील पदार्थ प्रयोग गरी ज्यान मारेको, अङ्गभङ्ग गरेको वा शारीरिक क्षति पुरयाएको कसूरमा त्यस्तो छुट दिईने छैन। | **जेष्ठ नागरिक सम्बन्धी ऐन** २०६३, **दफा** १२ (**१क**) **संशोधन गरी** उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जवर्जस्ती करणी सम्बन्धी कसूर वा तेजाब, अन्य घातक रासायनिक पदार्थ वा ज्वलनशील पदार्थ प्रयोग वा अन्य तरिकाबाट वर्न / जलन गरी ज्यान मारेको, अङ्गभङ्ग गरेको वा शारीरिक क्षति पुरयाएको कसूरमा त्यस्तो छुट दिईने छैन। | उक्त ऐनको दफा १२ ले सरकारवादी फौजदारी मुद्दामा जेष्ठ नागरिकलाई कैद बस्नु पर्ने अबस्था आएमा जेष्ठ नागरिकलाई कैद छुट दिन सकिने व्यवस्था गरेको छ। तर जवर्जस्ती करणीको कसुर र तेजाव वा ज्वलनशील पदार्थ प्रयोग गरी ज्यान मारेको, अगत भत गरेको वा शारीरिक क्षति पुऱ्याएको कसुरमा यस्तो छुट नहुने व्यवस्था गरेको छ। तर यस प्रावधानमा पनि सबै प्रकारको जलनलाई भने समेटन सकेको छैन। |
| दफा ६ | **अपराध पीडित संरक्षण ऐन** २०७५, दफा ६, गोपनीयताको अधिकार : देहायका कसूरको अनुसन्धान, तहकिकात, अभियोजन र अदालती कारवाहीको सिलसिलामा पीडितलाई गोपनीयताको अधिकार हुनेछ :-<br>(क) जबरजस्ती करणी,<br>(ख) हाडनाता करणी,<br>(ग) मानव बेचविखन,<br>(घ) यौन दुर्व्यवहार, | **अपराध पीडित संरक्षण ऐन** २०७५ को दफा ६ को गोपनीयताको अधिकारको सुचिमा : तेजाव प्रयोग गरी वा अन्य वर्न/जलन तथा अग्नीजन्य अपराधको विषय पनि थप गर्ने। | उक्त ऐनको दफा ६ ले गोपनीयताको अधिकारको व्यवस्था गरेको छ। उक्त दफा अनुसार कसुरको अनुसन्धान, तहकिकात, अभियोजन र अदालती कारवाहीको सिलसिलामा पीडितलाई गोपनीयताको अधिकार हुने भन्दै मुद्दाको सुचि उल्लेख गरेको छ तर उक्त सुचीमा तेजाव प्रयोग गरी वा अन्य वर्न/जलन तथा अग्नीजन्य अपराधको विषय उल्लेख छैन। |

| दफा नं | विद्यमान कानूनी व्यवस्था | संशोधनका लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नपर्नाको औचित्य तथा कारण |
|---|---|---|---|
| दफा ६६ | **बालबालिका सम्बन्धी ऐन २०७५,** दफा ६६ः बालबालिका विरूद्धको कसूरः (१) कसैले उपदफा (२) बमोजिमको हिंसा वा उपदफा (३) बमोजिमको यौन दुर्व्यवहार हुने कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको बालबालिका विरूद्धको कसूर गरेको मानिनेछ।<br>(२) कसैले बालबालिका उपर देहाय बमोजिमको कुनै कार्य गरेमा बालबालिका विरुद्ध हिंसा गरेको मानिनेछः-<br>(क) धूमपान, मद्यपान वा जुवा, तास जस्ता कुलतमा संलग्न गराउने,<br>(ख) बालिगहरूका लागि खोलिएका डान्स बार, क्यासिनो जस्ता मनोरञ्जनस्थलमा प्रवेश वा प्रयोग गराउने,<br>(ग) बालिगहरूका लागि भनी तोकिएका चलचित्र, अन्य श्रव्य दृष्य जस्ता सामग्री देखाउने,<br>(घ) घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने,<br>(ङ) शारीरिक चोट पटक वा असर पुर्‍याउने, आतंकित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, भेदभाव, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने,<br>(च) विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने,<br>(छ) राजनीतिक प्रयोजनका लागि संगठित गर्ने वा, हड्ताल, बन्द, चक्काजाम धर्ना वा जुलुसमा प्रयोग गर्ने,<br>(ज) गैरकानूनी थुना, कैद, कारावास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने,<br>(झ) क्रूर अमानवीय व्यवहार गर्ने वा यातना दिने,<br>(ञ) सनातन, परम्परा वा कुनै धार्मिक वा सांस्कृतिक कार्यको लागि बाहेक भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य कुनै भेष धारण गर्न लगाउने,<br>(ट) जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रूपमा दर्ता गराउने,<br>(ठ) भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा परम्परा, संस्कृति, रितिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेलाँ वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउने,<br>(ड) जादू वा सर्कसमा लगाउने,<br>(ढ) कसूरजन्य कार्य गर्न सिकाउने, तालीम दिने वा त्यस्तो कार्यमा लगाउने,<br>(ण) बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने,<br>(त) प्रचलित कानून विपरीत बालबालिकाको अङ्ग झिक्ने,<br>(थ) औषधि वा अन्य कुनै परीक्षणको लागि बालबालिकालाई प्रयोग गर्ने,<br>(द) कानून बमोजिम बाहेक बाल गृहमा राख्ने। | **बालबालिका सम्बन्धी ऐन २०७५,** दफा ६६ को बालबालिका विरूद्धको कसूरको उपदफा २ मा कसैले बालबालिका उपर देहाय बमोजिमको कुनै कार्य गरेमा बालबालिका विरुद्ध हिंसा गरेको मानिनेछ मा :<br>(ध) थप गरी<br>तेजाब, अन्य घातक रासायनिक पदार्थ वा ज्वलनशील पदार्थ प्रयोग वा अन्य तरिकाबाट वर्न / जलन गरी ज्यान मारेको, अङ्गभङ्ग गरेको वा शारीरिक क्षति पुरयाएको, | दफा ६६ ले बालबालिका विरुद्धको कसुर मानिने अबस्थाको व्यवस्था गरेको छ। उक्त दफाले बालबालिका विरुद्ध हुने विभिन्न प्रकारको अपराधको सुचि उल्लेख गरेको छ तर उक्त सुचिमा तेजाव प्रयोग गरी वा अन्य वर्न/जलन तथा अग्नीजन्य अपराधको बारेमा उल्लेख छैन। |
| दफा २८ (क) | **न्याय प्रशासन ऐन, २०७३** : दफा २८क : मुद्दा हेर्दाको प्राथमिकता क्रम : (१) अदालतले मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्दा देहायको प्राथमिकता क्रम अनुसार गर्नु पर्नेछः- (क) अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको व्यक्ति पक्ष रहेको मुद्दा, (ख) पुर्पक्षको लागि थुनामा रहेको व्यक्ति पक्ष रहेको मुद्दा, (ग) कैदमा रहेको पक्षको मुद्दा, (घ) अपाङ्गता भएका व्यक्ति तथा बालबालिका पक्ष रहेको मुद्दा, (ङ) शारीरिक अशक्तता भएका वा पचहत्तर वर्षभन्दा बढी उमेरका व्यक्ति पक्ष रहेका मुद्दा, (च) महिला बिरुद्धको हिंसा सम्बन्धी मुद्दा, (छ) जातीय भेदभाव तथा छूवाछूत सम्बन्धी मुद्दा, (ज) न्वारान वा नाता कायम सम्बन्धी मुद्दा, (झ) माना चामल सम्बन्धी मुद्दा, (ञ) सम्बन्ध बिच्छेद सम्बन्धी मुद्दा, (ट) मुद्दा दर्ताको क्रमबाट पहिले दर्ता भएको मुद्दा। | **मुद्दा हेर्दाको प्राथमिकताक्रम** संसोधन गरी निम्न ब्यवस्था थप गर्नु पर्ने।<br>(१) अदालतले मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्दा देहायका प्राथमिकताक्रम अनुसार गर्नु पर्नेछ :<br>उक्त उपदफा तेजाव प्रयोग गरी वा अन्य वर्न/जलन तथा अग्नीजन्य अपराध भएका मुद्दा | उक्त ऐनको दफा २८(क) ले अदालतले मुद्दाको सुनुवाई, कारवाही र किनारा गर्दा प्राथमिकता अनुसार गर्नुपर्ने भन्दै सुची उल्लेख गरेकोमा महिला विरुद्ध हिंसा सम्बन्धीको मुद्दालाई प्राथमिकतामा राखे पनि सबै तेजाव प्रयोग गरी वा अन्य वर्न/जलन तथा अग्नीजन्य अपराधको पीडित महिला मात्र नहुने भएकाले तेजाव प्रयोग गरी वा अन्य वर्न/जलन तथा अग्नीजन्य अपराध को मुद्दा पनि सुनुवाई, कारवाही र किनार गर्दा प्राथमिकता पर्नुपर्ने हुन्छ। |

**एसिड लगायत बर्न/जलन तथा अग्नीजन्य अपराध न्युनिकरणका लागि विशेष ऐन निर्माण गर्नु पर्दछ। उक्त ऐनमा मुलुकी अपराधले समेटेका विषयहरू सहित निम्न विषयहरू समेट्न सुझावहरू दिईन्छ।**

क. **अग्नीजन्य (वर्न/जलन) अपराधको सबै स्वरुपलाई परिभाषा गरी सजाय गर्ने :** कुनै पनि व्यक्तिलाई मार्ने वा शारीरीक क्षति गर्ने उद्देश्यले कुनै पनि व्यक्तिले आगोले पोल्ने, ग्यास खुल्ला राखेर बाल्ने, मट्टीतेल वा पेट्रोल जस्तै ज्वलनशील पदार्थको प्रयोग गरी वा खन्याएर आगो लगाउने, तातो तेल, तातो पानी लगायतको यस्तै शरीरलाई हानी गर्नसक्ने अन्य तातो तरल पदार्थ शरीरमा खन्याउने, करेन्ट लगाई वा विकिरण, रेडियोएक्टिभिटी, विषालु पदार्थहरू जस्ता चिजको प्रयोगले शरीरमा क्षति गर्ने कार्य, तातो बस्तुले पोली वा डामी, सेवन गराई भएको क्षति तथा एसिड लगायत विभिन्न रसायनहरू मानव शरीरमा दली घसी फ्याकी, सेवन गराई आदि तरिकाले मानव शरीरमा पीडा पुर्‍याउने कार्य सम्झनु पर्दछ भनि गर्न सकिन्छ।

ख. **छुट्टै अनुसन्धान टोलीको गठन गर्नुपर्ने :** यस्तो अपराध विशेष प्रकृतीको भएको र यसमा मेडिकल विषय समेत जोडिने भएकाले अपराध अनुसन्धानका लागि छुटै अनुसन्धान टोलीको गठन गर्ने व्यवस्था कानुनमा गर्ने।

ग. **छुट्टै Fast Track Court गठन गर्नुपर्ने :** अदालत पिडीत मैत्री तथा न्याय छिटोछरितो बनाउन यस्ता मुद्दालाई शुरु तहमा नै छुट्टै Fast Track Court गठन गर्न गरी सुनुवाई गर्ने व्यवस्था कानुनमा गर्ने।

घ. **चार महिनाभित्र फैसला गर्नुपर्ने :** कानूनमै मुद्दा दर्ता भएको कम्तीमा तीन देखि चार महिनाभित्र फैसला गर्नपर्ने व्यवस्था व्यवस्था कानुनमा गर्ने।

ङ. **६० दिन भित्र क्षतिपूर्ति वापतको रकम दिनुपर्ने :** फैसला भएको ६० दिन भित्र क्षतिपूर्ति वापतको रकम पीडितले प्राप्त गर्ने व्यवस्था कानुनमा गर्ने।

च. **पीडित मैत्री सुनुवाई पद्धति हुनुपर्ने :** बन्द इजलास र पिडितको गोपनीयताको व्यवस्था कानूनमै स्पष्ट गर्ने। साथै पीडित मैत्री सुनुवाई पद्धति कानूनमै स्पष्ट गर्ने।

छ. **सहभागी हुने मौका दिनुपर्ने :** पीडितलाई सुनुवाइमा अनिवार्य रूपमा सहभागी हुने मौका र पीडितलाई दोभाषे तथा निरन्तर निःशुल्क कानूनी सहायता साथै सुरक्षा उपलब्ध गराइने व्यवस्था कानुनमा नै स्पष्ट गर्ने।

ज. **जाहेरी देखी नै पीडितको संरक्षण हुनुपर्ने :** जुनसुकै माध्यमबाट अपराधको बारेमा थाहा पाए पनि प्रहरीले तत्काल अनुसन्धान गर्नपर्ने र मुद्दाको जाहेरी देखी नै पीडितको संरक्षणको व्यवस्था कानुनमा गर्ने। साथै पीडितको अन्तरीम संरक्षणका लागि आवश्यक भएमा अदालतले थप आदेश गर्न सक्ने व्यवस्था समेत कानुनमा उल्लेख गर्ने।

झ. **नाबालक बालबालिका भए तिनको उचित व्यवास्थापन गर्ने :** यस्तो घटनाको प्रभावितको संरक्षणमा नाबालक बालबालिका भए तिनको उचित व्यवास्थापनको सम्बन्धमा कानुनमा स्पष्ट व्यवस्था गर्ने।

ञ. **बयान प्रमाणीकरण गर्ने सम्बन्धमा:** पीडितको वयान तत्काल प्रमाणिकरण गर्ने कानुनमा व्यवस्था गर्ने ।

ट. **मृत्युकालिन अवस्थामा व्यक्त गरेको भनाई रेकर्ड गर्ने :** जलन पीडितले मृत्युकालिन अवस्थामा व्यक्त गरेको भनाईको रेकर्ड, उक्त भनाई कसैको दवाव वा डरबाट नहुने अवस्था सृजना गर्ने बिषयलाई कानुनमा नै स्पष्ट उल्लेख गर्ने । जलनका कारण हातका औंला नभएका अवस्थामा निजको भनाईलाई कसरी रेकर्ड गर्ने, के गर्ने स्पष्ट प्रावधान गर्ने । जलनका घटनामा पारिवारिक सदस्यको समेत संलग्नता भएको पाइएकाले अस्पतालमा रहेको अबस्थामा मृत्युकालिन अवस्थामा व्यक्त गरिएको भनाईको प्रमाणीकरण सम्बन्धमा मेडिको लिगल साइकोलोजिष्ट समुहले गर्नुपर्ने व्यवस्था गर्नुपर्ने ।

ठ. **प्रमाणको भार अभियुक्तमा सार्ने :** यस्ता अपराधको अभियोग लागेको अभियुक्तले आफ्नो निर्दोषिता सिद्ध गर्नुपर्ने कानूनी व्यवस्था गर्ने ।

ड. **बहिस्करणका घटना न्यूनिकरण गर्ने सम्बन्धमा ब्यवस्था गर्ने:** समाजमा यस प्रकारका व्यक्तिमाथि लान्छना, विभेद तथा बहिस्करणका घटनाहरू पनि भै रहेकाले त्यस्ता लान्छना, विभेद तथा बहिस्करण घटना न्यूनिकरणका लागि कानूनमा स्पष्टताको खाँचो रहेको छ ।

ढ. **सम्पूर्ण उपचार राज्यले गर्ने व्यवस्था गर्ने :** अनिवार्य रुपमा सरकारी तथा निजी अस्पतालहरूले एसिड लगायत अन्य बर्न, जलन र अग्नीजन्य घटनाको तत्काल उपचार व्यवस्था गर्ने । नेपाल भरको अस्पतालहरू तथा हेल्थपोष्टहरूमा निश्चित समयभित्र बर्न युनिट स्थापना गर्न समय सिमा कानुनमा नै उल्लेख गर्ने । जलनमा परेका व्यक्तिहरू (दुर्घटना वा अपराध) तत्काल तथा पछि पनि सम्पूर्ण उपचार राज्यले गर्ने व्यवस्था गर्ने ।

ण. **अस्पतालले उपचार गर्दिन भन्न नपाउने :** एसिड लगायत बर्न, जलन र अग्नीजन्य घटनाको तत्काल निःशुल्क उपचार गर्न अस्पतालले इन्कार गरे कारवाहीको व्यवस्था गर्ने ।

त. **प्रहरीलाई अनिवार्य खवर गर्नैपर्ने :** एसिड लगायत बर्न, जलन र अग्नीजन्य घटना अस्पतालमा आउनासाथ प्रहरीलाई अनिवार्य खवर गर्ने व्यवस्था गर्ने ।

थ. **कुरुप भन्ने शब्द प्रयोग नगर्ने :** एसिड लगायत बर्न, जलन र अग्नीजन्य अपराधमा विभेद नगरी सबैलाई समान व्यवस्था गर्ने । कुरुप भन्ने शब्द प्रयोग नगर्ने ।

द. **कुरुवाको लागि आवश्यक ब्यवस्था गर्ने :** बर्न, जलन र अग्नीजन्य घटनामा अस्पतालहरूमा कुरुवा तथा हेरचाह गर्ने व्यक्तिका लागि खाना बस्नका लागि निशुल्क व्यवस्था गर्ने ।

ध. **विशेषज्ञ समिति गठन गर्नुपर्ने :** बर्न (जलन) पिडीतलाई भएको क्षतिको उपचार खर्च लामो सामयसम्म गर्नु पर्ने भएकाले पिडीतलाई भएको मनासिव क्षतिपूर्ति तथा उपचार खर्च (भविष्यको पनि) का लागि चिकित्सक सहितको एउटा विशेषज्ञ

समिति कानूनमा व्यवस्था गरी सो समितिले सिफारिस गरेबमोजिमको क्षतिपूर्ति र उपचार खर्च पीडितले राज्यमार्फत तत्काल पाउने व्यवस्था हुनुपर्दछ। विशेषज्ञ समितिले क्षतिपूर्तिको सिफारिश गर्दा शारीरिक तथा मानसिक स्वास्थ्यमा पर्न गएको क्षतिलाई पनि आधार लिने व्यवस्था हुनुपर्दछ। यसरी क्षतिपूर्ति भराउँदा कम्तिमा पनि मुद्रास्फीति दरको आधारमा ब्याज दिनुपर्ने गर्न आवश्यक छ। क्षतिपूर्ति भराउँदा हानीको आधारमा अर्थात restitutio in integrum "(restitution to the original position)" भन्ने सिद्धान्तमा आधारीत भएर गर्ने व्यवस्था कानुनमा उल्लेख गर्ने।

न. **रोजगारीको लागि उपयुक्त व्यवस्था गर्ने :** बर्न (जलन) पिडीत माथि विभिन्न लान्छना लाग्ने तथा अनुहारमा भएका चोटका कारण रोजगारी पाउन समस्या समेत हुने गरेको छ। त्यसैले पीडितलाई आवश्यक पर्ने शिक्षा तथा रोजगारीको लागि उपयुक्त व्यवस्था राज्यले गर्न आवश्यक छ, सोको सुनिश्चितता कानुनमा गर्ने। यदि पिडीत आफै रोजगार गर्नसक्ने नभएमा एकाघरमा संरक्षण गर्नेमध्येका कम्तिमा एकजना परिवारको रोजगारीको सुनिश्चितता कानुनमा गर्ने।

प. **छुट्टै कोष खडा गर्नेः** एसिड लगायत, बर्न (जलन) तथा अग्नीजन्य घटनामा प्रभावितको निशुल्क उपचारका लागि कानुनमा नै छुटै कोष खडा गर्ने। यस कोषका लागि राज्यले छुटै बजेट छुट्याउने व्यवस्था गर्ने। यस्तो कोषको दुरुपयोग गर्ने व्यक्ति तथा संस्थालाई कडा कारवाहीको व्यवस्था गर्ने।

फ. **सरकारका विभिन्न निकाय र नागरिक संघ संस्थाको भूमिकाको विषयमा स्पष्ट ब्यवस्था गर्ने :** सबै तहमा एसीड लगायत ज्वलनशिल पदार्थ, विषालु पदार्थ तथा अन्य जलाउन सक्ने बस्तुको दुरुपयोगले निम्तिन सक्ने खतरा र यस सम्वन्धी कानूनी व्यवस्थाका विषयमा नागरिक तहमा जानकारी गराउन सकिएमा पनि केही हदसम्म यसको नियन्त्रण हुनसक्छ। त्यसैले सरकारका विभिन्न निकाय र नागरिक संघ संस्थाको भूमिकाको विषयमा पनि कानूनले जिम्मेवारी व्यवस्था गर्नुपर्ने।

ब. **भिडियो कन्फरेन्स मार्फत न्यायिक प्रक्रियामा सामेल गर्ने :** यस्ता अपराधका पीडितलाई न्यायिक प्रक्रियामा सम्बन्धित निकायसम्म पुगेर सहभागी हुन सक्ने सम्भावना निकै कम हुने भएकाले अनिवार्य रूपमा भिडियो कन्फरेन्स मार्फत अपराध पीडितको संवैधानिक तथा कानूनी हक सुरक्षित गर्ने।



## CONTACT DETAILS

Apsara Marga, Lazimpat
Ward No. 3, Kathmandu, Nepal
P.O. BOX: 6257
TEL.: 977 (0) 400 2177
EMAIL: mail.nepal@actionaid.org
WEB: nepal.actionaid.org

FACEBOOK
facebook.com/actionaid.nep

YOUTUBE
youtube.com/c/actionaidnepal1982

TWITTER
twitter.com/@actionaidnep

INSTAGRAM
instagram.com/actionaidnepal